# वार्षिक प्रगति प्रतिवेदन
# आर्थिक वर्ष २०८०/८१




सुनकोशी गाउँपालिका
पांग्रेटार सिन्धुपाल्चोक

" सुन्दर सुनकोशी, सम्वृद्ध सुनकोशी र सुखी सुनकोशी"

## सुनकोशी गाउँपालिकाको आ.व. २०८०/८१ को

# वार्षिक प्रगति

# प्रतिवेदन

२०८१, भाद्र

# विषयसूची

१. परिचय ........ १

२. गाउँकार्यपालिका कार्यालय अन्तर्गत शाखा/वडाको कार्यविवरण ........ ३

०१. प्रशासन शाखा : ........ ३

०२. आर्थिक प्रशासन शाखा : ........ ३

०३. योजना तथा अनुगमन शाखाः ........ ४

०४. पूर्वधार विकास तथा वातावरण व्यवस्थापन शाखाः ........ ५

०५. वातावरण सरसफाई तथा विपद् व्यवस्थापन : ........ ६

०६. राजश्व शाखाः ........ ७

०७. स्वास्थ्य शाखा : ........ ८

०८. शिक्षा तथा खेलकुद शाखाः ........ ९

०९. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा : ........ १०

१०. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखा : ........ ११

११. लघु उद्यम शाखा : ........ ११

१२. पशु विकास शाखा : ........ ११

१३. कृषि सेवा शाखाः ........ १२

१४. रोजगार सेवा केन्द्र : ........ १३

१५. न्यायीक शाखा : ........ १३

१६. आन्तरिक लेखा परीक्षण शाखा : ........ १३

१७. जिन्सी शाखा : ........ १४

१८. सामाजिक विकास शाखा : ........ १४

१९. सबै वडा कार्यालय ........ 14

३. आर्थिक प्रशासन तर्फ ........ २१

४. आन्तरिक लेखा परीक्षण ........ २२

५. पूर्वाधार विकास शाखा ........ २४

६. योजना शाखा ........ ३०

७. कृषि विकास शाखा ........ ३४

८. पशु विकास शाखा ........ ३६

९. स्वास्थ्य शाखा ........ ३८

१०. बहुउद्देश्य पोषण कार्यक्रम ........ ४७

११. न्यायिक समिति........................................................................................................४८

१२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम.....................................................५०

१३. सामाजिक विकास शाखा............................................................................................ ५२

१४. वन वातावरण तथा विपद् व्यवस्थापन .........................................................................५४

१५. सूचना प्रविधी......................................................................................................... ५७

१६. प्रशासन................................................................................................................. ५७

१७. शिक्षा,युवा तथा खेलकुद शाखा.....................................................................................५८

१८. रोजगार सेवा केन्द्र ................................................................................................... ६०

१९. सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा..........................................................................६१

२०. राजश्व शाखा............................................................................................................६४

२१. जिन्सी शाखा .......................................................................................................... ६५

२२. सबल पक्ष तथा नविनतम् प्रयासहरु..................................................................................६७

२३. सुधारात्मक पक्षहरु..................................................................................................... ६९

२४. शाखगत कार्यक्रमका केही तस्विरहरु............................................................................... ७०

२५. वार्षिक समिक्षाका तस्विरहरु........................................................................................९४

# १. परिचय

सुनकोशी गाउँपालिका वागमती प्रदेशका १३ जिल्लाहरुमध्ये सिन्धुपाल्चोक जिल्लामा अवस्थित रहेको छ। वि.सं. २०७३ फागुन २७ गते नेपाल सरकारले साविकको ठोकर्पा, कालिका, यमुनाडाँडा, सुनखानी, थुमपाखर र पाङ्ग्रेटार गा.वि.स. लाई समावेश गरी देशका ७५३ स्थानीय तह मध्ये घोषणा गरिएको एक स्थानीय तह हो सुनकोशी गाउँपालिका । यस गाउँपालिका ७२.८४ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा त्रिपुरासुन्दरी र लिसङ्खुपाखर गाउँपालिका, पश्चिममा चौतारा साँगाचोक गढी नगरपालिका, उत्तरमा बलेफी गाउँपालिका र दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका तथा लिसङ्खुपाखर गाउँपालिका पर्दछन्। ७ वटा वडामा रहेको यस गाउपालिकालाई साविकका ठोकर्पा गा.वि.स. लाई वडा नं. १ र २ कालिका, यमुनाडाँडा, सुनखानी, थुमपाखर र पाङ्ग्रेटार गा.वि.स. लाई क्रमश ३,४,५,६ र ७ वडा गरी प्रशासनिक विभाजन गरिएको छ । गाउँपालिकाको दक्षिणतर्फ बगेको कोशी नदीको सहायक सुनकोशी नदीको नामबाट यस गाउँपालिकाको नामाकरण भएको हो।

जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ७,३११ पुरुष र ७,८६५ महिला गरी कूल १५,१७६ जनसंख्या रहेको छ। पुरुष ७८.८ र महिला ६४.३ प्रतिशत साक्षरता रहेको यस गाउँपालिकामा कूल साक्षरता दर ७१.४ प्रतिशत रहेको छ। जातिगत आधारमा सबैभन्दा धैरै जनसंख्या क्षेत्री जातिको रहेको छ। जसको जनसंख्या ३९.२ प्रतिशत रहेको छ भने त्यसपछि क्रमश तामाङ १६.५, ब्राम्हण ९.७, पहरी ९.५, विश्वकर्मा ५.८, मिजार ४.३, माझी ३.७, नेवार २.९, परियार २.७, घर्ती भुजेल १.९ रहेको छ। कृषि तथा पशुपालनमा प्रसस्त सम्भावना रहेको यस गाउँपालिकाका बासिन्दाको प्रमुख आम्दानीको श्रोतको समेत कृषि तथा पशुपालन नै रहेको छ।

वार्षिक प्रगती समिक्षा एक महत्वपूर्ण प्रक्रिया हो, जसले स्थानीय सरकार र तिनका कार्यक्रमहरूको प्रभावकारिता, उपलब्धिहरू र चुनौतीहरूको विश्लेषण गर्न मद्दत गर्छ। यसमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, र अन्य शाखाका उपलब्धिहरूको समिक्षा समावेश हुन्छ। यसमा स्थानीय तहले बनाएका वार्षिक योजनाहरूको कार्यान्वयन कसरी भएको छ भन्ने विश्लेषण गरिन्छ। यसमा योजनाबद्ध गतिविधिहरूको समयसीमा, बजेट व्यवस्थापन, र परिणामहरूको मापन समावेश छ । स्थानीय तहमा नागरिकहरूको सहभागिता र उनीहरूको आवश्यकतासँगको समन्वयको महत्त्वलाई ध्यानमा राखिन्छ। नागरिकका प्रतिक्रिया र सुझावहरूलाई समेटेर भविष्यका योजनाहरूमा समावेश गरिन्छ।

प्रगति समिक्षाले स्थानीय तहले भोगेका प्रमुख चुनौतीहरू, जस्तै वित्तीय अभाव र स्रोतको कमी पहिचान गर्न मद्दत गर्दछ। साथै, सम्भावित अवसरहरूको पनि विश्लेषण गरिन्छ। समीक्षाको आधारमा सुधारका उपायहरू प्रस्ताव गरिन्छ। यसमा नीति परिमार्जन, दक्षता वृद्धि, र स्रोतको प्रभावकारी उपयोग समावेश हुन सक्छ।

स्थानीय तहका गतिविधिहरूमा पारदर्शिता र जवाफदेहीता सुनिश्चित गर्नका लागि समिक्षा महत्त्वपूर्ण हुन्छ। यसले जनताको विश्वास र संलग्नता बढाउँछ।

वार्षिक प्रगति समीक्षा स्थानीय तहको कार्यक्षमता र उत्तरदायित्वलाई सुनिश्चित गर्न महत्त्वपूर्ण साधन हो। यसले भविष्यका योजनाहरूलाई सुधार्न र विकासका अवसरहरूलाई पहिचान गर्न मद्दत गर्छ। स्थानीय तहका सबै सरोकारवालाहरुले यस प्रक्रियामा सक्रिय रूपमा भाग लिनु आवश्यक छ।

यस सुनकोशी गाउँपालिकाले आ. व. २०८०/८१ को वार्षिक समिक्षा मिति: २०८१/०५/०५ गते मंगलबारको दिन गाउँकार्यपालिकाको सभाहलमा अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न गरेको छ। उपाध्यक्ष श्री कान्छी लामा ज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री मोहनकुमार श्रेष्ठ ज्यू, वडाका वडाध्यक्ष ज्यूहरू, पालिका तथा वडाका कर्मचारीहरूको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा बिषयगत शाखा तथा वडाहरूले गत आ. व. २०८०/८१ मा भएका कार्यक्रमहरूको प्रस्तुतिकरण सहितको समिक्षा प्रस्तुत गर्नुभयो।

## २. **गाउँकार्यपालिका कार्यालय अन्तर्गत शाखा/वडाको कार्यविवरण**

### ०१. **प्रशासन शाखा :**

क. कर्मचारीहरुको स्थाई, अस्थाई, करार रिक्त पदहरुको पदपूर्ति सम्बन्धी कार्यहरू।

ख. नयाँ नियुक्ती र बढुवा भई आएका कर्मचारीहरुको पदस्थापन सम्बन्धी कार्यहरू।

ग. कर्मचारीहरुको सरुवा तथा काज सम्बन्धी कार्यहरू।

घ. कार्यरत कर्मचारीहरुको हाजिरी अभिलेख, भैपरी विदा, घर विदा, अध्ययन विदा, असाधारण विदा, अनिवार्य अवकाश तथा स्वेच्छिक राजीनामा तथा कारवाही सम्बन्धी कार्यहरू।

ङ. कार्यालयको कर्मचारी दरबन्दीको लगत तथा सो दरबन्दीमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत अभिलेख अद्यावधीक गर्ने कार्यहरू,

च. कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन सम्बन्धी कार्यहरू,

छ. कार्यरत कर्मचारीहरुलाई विभिन्न पुरस्कार तथा पदकका लागी सिफारीश सम्बन्धी कार्यहरू, निजामती सेवा ऐन तथा नियमावली अनुसार स्वीकृत दिने सम्बन्धी कार्यहरू, संगठन व्यवस्थापन सर्वेक्षण समितिको बैठक आयोजना गर्ने, संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्ने, स्वीकृत भएपछि कार्यान्वयनका लागि सम्वन्धित निकायमा लेखी पठाउने।

ज. गाउँपालिकामा बन्ने ऐन, कानून, नियमावली, कार्यविधि, सुनकोशी गाउँपालिका राजपत्र प्रकाशन सम्बन्धी कार्यहरु कर्मचारीहरुको अभिलेख व्यवस्थापन।

झ. वडा तहसँगको सम्पर्क र समन्वय गर्ने

ञ. प्रगति विवरण संकलन तथा प्रकाशन, आवधिक रुपमा प्रगति समीक्षा, सार्वजिनिक सुनुवाई लगायतका कार्य

ट. कर्मचारी बैठक तथा विभिन्न निकायसँगको समन्वय बैठक।

ठ. गाउँ कार्यपालिका बैठक, गाउँ सभाको अधिवेशनको बैठक लगायतका बैठकको कार्यसूचि तयार गर्ने

ड. विधायन समितिको बैठक, कानूनको मस्यौदा तयार सम्बन्धी कार्य।

ढ. कार्यपालिका, गाउँसभा तथा कार्यपालिकाका विभिन्न समिति उपसमिति कार्यदलको बैठक व्यवस्थापन।

ण. प्रचलित कानून बमोजिम सम्पादन गर्नु पर्ने कार्यहरु।

### ०२. **आर्थिक प्रशासन शाखा :**

क. सुनकोशी गाउँपालिका र अन्तर्गतको आर्थिक प्रशासनको सञ्चालन गर्ने।

ख. कारोबारको लेखा राख्ने र सो को अभिलेखको व्यवस्थापन गर्ने।

ग. सबै प्रकारका कारोवारको निर्धारित ढाँचामा मासिक तथा बार्षिक आर्थिक विवरण तयार गर्ने।

घ. सम्बन्धित निकायमा आवधिक नियमित तथा पटके प्रतिवेदन गर्ने।

ङ. आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने।

च. सुनकोशी गाउँपालिका र अन्तर्गत कार्यालयहरुको बजेट तयार गर्ने, गराउने, छलफल गर्ने ।

छ. अन्तर्गतका कार्यालयहरुको बजेट बाँडफाँट तथा खर्च गर्ने अख्तियारी तयार गर्ने ।

ज. आवश्यक अनुसार थप बजेट र निकासा प्राप्त गरी बाडफाँट गर्ने ।

झ. बेरुजुको लगत राख्ने, सम्परीक्षण, फर्छयौट र प्रतिवेदन गर्ने ।

ञ. सुनकोशी गाउँपालिकाको सञ्चालनसँग सम्बधित अन्य आवश्यक आर्थिक कार्यहरु गर्ने ।

३. सूचना तथा प्रविधि शाखाः

क. सुनकोशी गाउँपालिकाको कार्यलयको सूचना प्रविधि नीतिको कार्यान्वयन गर्ने ।

ख. विकास भइसकेको प्रणालीहरुको सुधार तथा परिमार्जन सम्बन्धी कार्य गर्ने ।

ग. नेटवर्किङ इन्टरनेट वाइफाइको कनेक्टिभिटि, सि.सि. टि.भि, इ-हाजिरी आदिको व्यवस्थापन गर्ने ।

घ. वेभसाइट तथा इमेल व्यवस्थापन गर्ने ।

ङ. सञ्चालित विभिन्न प्रणाली सञ्चालनमा आइपर्ने समस्याहरुको समाधान गर्ने ।

च. सूचना प्रविधि सम्बन्धी हार्डवेयर तथा सफ्टवयेर सम्बन्धी कार्य गर्ने

छ. सूचना प्रविधिसँग सम्बन्धित तालिम सञ्चालन गर्ने ।

ज. सूचना प्रविधि उपकरण तथा प्रणालीमा मर्मत सम्भार सम्बन्धी कार्य गर्ने ।

झ. सूचना प्रविधि सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ।

ञ. गाउँपालिकाको जानकारीमूलक सूचना प्रकाशन तथा प्रशारण गर्ने ।

### ०३. **योजना तथा अनुगमन शाखाः**

क. स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयन, अनुगमन, अभिलेखिकरण तथा प्रतिवेदन (योजना व्यवस्थापन सफ्टवेयर सञ्चालन) सम्बन्धी कार्यहरु । गाउँपालिकाको चौमासिक, वार्षिक एवम् आवश्यकता अनुरुपको प्रगति प्रतिवेदन सम्बन्धी कार्य ।

ख. विभिन्न संघ संस्थाहरुको साझेदारीमा सञ्चालन हुने योजनाहरुको कार्यान्वयन, अनुगमन, अभिलेखिकरण तथा प्रतिवेदन सम्बन्धी कार्यहरु ।

ग. आगामी आ.व. को वार्षिक बजेट तथा कार्यक्रमको निर्माण तयारी सम्बन्धी कार्यहरु ।

घ. बार्षिक विकास कार्यक्रम योजना तर्जूमा कार्यान्वयन ।

ङ. विकास आयोजना तथा परियोजना सम्बन्धी नीति तथा कानून मापदण्ड योजना र नियमन ।

च. गाउँपालिकाको विकास नीति अल्पकालीन मध्यकालिन तथा दिर्घकालीन विकास योजना तर्जूमा अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्य

छ. आर्थिक सामाजिक सांस्कृतिक वातावरणीय प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन ।

ज. विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन ।

झ. विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्याङ्कन ।

ञ. उपभोक्ता समितिको क्षमता विकास सम्बन्धी कार्य ।

ट.	विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण।

ठ.	संघीय र प्रादेशिक आयोजना परियोजना कार्यान्वयन समन्वय सहजीकरण र सहयोग।

ड.	विकास आयोजना अनुगमन आवधिक प्रगति तथा प्रतिफलको समीक्षा।

ढ.	विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको आधार तथा प्रक्रिया निर्धारण।

ण.	सुपरीवेक्षण तथा अनुगमन सचिवालयको रुपमा काम गर्ने तथा अनुगमन तालिका तयारी तथा कार्यान्वयन।

त.	आयोजनाको अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन।

थ.	विषयक्षेत्र नीतिको अनुगमन तथा मूल्याङ्कन।

द.	योजना बैङ्क निर्माण तथा कार्यान्वयन सम्बन्धी कार्य।

### ०४.	पूर्वधार विकास तथा वातावरण व्यवस्थापन शाखाः

क.	स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति कानून मापदण्ड तथा नियमन।

ख.	स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक झोलुङ्गे पुल पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान अध्ययन कार्यान्वयन मर्मत सम्भार।

ग.	यातायात सुरक्षा व्यवस्थापान र नियमन।

घ.	गाउँपालिका भित्र सार्वजनिक यातायात रूट निर्धारिण अनुमति नविकरण खारेजी सेवाको गुणस्तर भाडा दर निर्धारण र नियमन।

ङ.	वातावरणमैत्री जलावायु परवर्तन अनुकुलन अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन।

च.	आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसँग समन्वय।

छ.	यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन।

ज.	साना जलविद्युत आयोजन नविकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति कानून मापदण्ड योजना कार्यान्वयन र नियमन।

झ.	वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि प्रवर्द्धन।

ञ.	जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यन्वयन।

ट.	गाउँपालिकाभित्र विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन सञ्चालन र नियमन।

ठ.	सडक वत्तीको व्यवस्थापन, सिँचाई सम्बन्धी गुरुयोजना तथा नीति तर्जुमा कार्यान्वयन।

ड.	साना सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण सुधार मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन।

ढ.	जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी गाउँपालिकाको नीति सम्बन्धी कार्य।

ण.	तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन।

त.	साना जल उपयोग सम्बन्धी आयोजन तर्जुमा कार्यान्वयन र अनुगमन।

थ.	योजनाहरुको प्राविधिक लागत अनुमान तयारी, कार्य सम्पन्न तथा मूल्याङ्कन।

द.	वस्तु तथा सेवा खरिदको लागि शिलबन्दी दरभाउपत्र तथा शिलबन्दी बोलपत्र, विद्युतिय बोलपत्र माध्यमबाट हुने खरिद व्यवस्थापन।

ध.	सडक मापदण्ड निर्धारण तथा मापदण्डको कार्यान्वयन। सडक योजनाको लागत अनुमान तयार तथा कार्यसम्पादनको आधारमा प्रतिवेदन तयार कजवे, नाली, पुल, सिन्चाई, खानेपानी, पार्क लगायत पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्ने।

न.	ग्रामिण तथा कृषि सडक र सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमन कार्य गर्ने।

ऩ.	जग्गाको नाप नक्सा, कित्ताकाट, हाल साविक, रजिष्ट्रशन नामसारी तथा दाखिला खारेज गर्ने।

प.	भूमिको वर्गिकरण अनुसारको लगत तयार गर्ने।

फ.	सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजिकरण।

ब.	नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा सम्नवय र सहजिकरण।

भ.	नक्सा पास तथा अभिलेखिकरण।

## ०५. वातावरण सरसफाई तथा विपद् व्यवस्थापन :

क.	विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण वितरण र समन्वय।

ख.	तटबन्ध, नदि र पहिरोको नियन्त्रण तथा नदिको व्यवस्थापन गर्ने।

ग.	विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरुको पहिचान र स्थानानतरण सम्बन्धी कार्य।

घ.	विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग समन्वय र सहकार्य गर्ने।

ङ.	विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने।

च.	विपद् व्यवस्थापन सम्बन्धी नीति कानून मापदण्ड तथा गाउँपालिका स्तरका आयोजनाको कार्यान्वयन र नियमन।

छ.	विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण कार्य योजना।

ज.	विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान।

झ.	विपद् जोखिम न्यूनिकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन।

ञ.	सुनकोशी गाउँपालिकाको आपतकालीन कार्य सञ्चालन प्रणाली।

ट.	फोहोरमैला सङ्कलन पुन:उपयोग प्रशोधन विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन।

ठ.	ल्याणडफिल साईट व्यवस्थापन।

ड.	सरसफाई तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन।

ढ.	सार्वजनिक शौचालय व्यवस्थापन।

## ०६. **राजश्व शाखाः**

क. अनलाइन तथा राजश्व सफ्टवेयर माध्यमबाट राजश्व संकलन गर्ने।

ख. सबै वडा कार्यालयमा अनलाइन तथा राजश्व सफ्टवेयर चलाउन Any Desk तथा प्रत्यक्ष भेटेर राजश्व संकलन गर्ने।

ग. वडाबाट उठाएको राजश्व सिधै बैकमा दाखिला गर्ने व्यवस्था गर्ने।

घ. नदिजन्य पदार्थको निकासी गर्न ठेक्का लागु हुनु भन्दा अगाडी गाउँपालिकाबाट कर्मचारी खटाई राजश्व संकलन गर्ने।

ङ. दहत्तर बहत्तर ठेक्का सम्बन्धी काम गर्ने।

च. अबैध रुपमा नदिजन्य पदार्थको निकासी पैठारी तथा उत्खनन् गर्ने कार्य कम गर्ने त्यस्ता कार्य गर्नेलाई राजश्व जरिवाना गर्ने।

छ. राजश्व सम्बन्धी नीति कानून तर्जूमा, कार्यान्वयन र नियमन (राजश्व चुहावट नियन्त्रण समेत)।

ज. सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रिशन शुल्क, सेवा शुल्क, दस्तुर, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जिवजन्तुको हाड, सिंग,प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन व्यवसायिक कर सम्बन्धी नीति कानून मापदण्ड कार्यान्यवन बाडँफाट संकलन र नियमन साथै अन्य आय व्यवस्थापन।

झ. सार्वजानिक खर्च तिथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति कानून मापदण्ड तथा नियमन र सोको संकलन तथा बाडँफाट।

ञ. आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण संघिय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी संकलन समन्वय र नियमन।

ट. गाउँपालिकाले निर्माण गरेको पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर नीति कानून मापदण्ड नियमन शुल्क निर्धारण संकलन तथा व्यवस्थापन।

ठ. मालपोत कर संकलन।

ड. कानून बमोजिम ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता खानी खनिज पदार्थको सर्वेक्षण, उत्खनन र सो सम्बन्धी रोयल्टी संकलन।

ढ. सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलन।

ण. पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालन प्राप्त रोयल्टी संकलन।

त. प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण रकार्यन्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना।

थ. प्रचलित कानून बमोजिम दण्ड जरिवाना।

द. राजस्व सम्भाव्यता अध्ययन तथा विश्लेणात्मक कार्य।

ध. बाँकी बक्यौता रकमको लगत र असुल उपर।

न. करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक।

ऩ. वित्तिय स्रोत साधनको समतामूलकबाँडफाँट।

प. आर्थिक साधनको महत्तम उपयोग तथ परिचालन।

फ.	राजश्व परामर्श समिति सम्बन्धी विषय।

ब.	स्थानीय राजश्व प्रवर्द्धनका लागि प्रोत्साहन।

भ.	राजश्व सूचना तथा तथ्याङ्कको आदान प्रदान।

म.	संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था।

य.	घ बर्गको निर्माण व्यावसायी अनुमति पत्र दिने तथा नविकरण।

### ०७. **स्वास्थ्य शाखा :**

क.	स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन।

ख.	सुर्ति मदिरा र लागु पदार्थजन्य बस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिबृद्धि गर्ने।

ग.	जनस्वास्थ आपतकालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यन्वयन गर्ने।

घ.	आधारभुत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति कानून मापदण्ड योजनाको निर्माण कार्यान्वयन तथा नियमन।

ङ.	गाउँपालिका स्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण।

च.	आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन।

छ.	अस्पताल र अन्य स्वास्थ्य संस्थाको सञ्चालन।

ज.	स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन।

झ.	सरसफाई सचेतनाको अभिवृद्धि।

ञ.	रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा।

ट.	औषधि पसल सञ्चालन र नियमन।

ठ.	औषधिजन्य वनस्पति जडिबुडी र अन्य औपधिजस्य बस्तुको उत्पादन प्रशोधन र विवरण।

ड.	औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्युनतम मूल्य निर्धारण र नियमन।

ढ.	औषधिको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण।

ण.	औषधि र स्वास्थ्य उपकरणको खरिद भण्डाण र वितरण।

त.	जनस्वास्थ्य निगरानी तथा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन।

थ.	प्रवर्द्धनात्मक प्रतिकारात्मक उपचारात्मक पुनस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन।

द.	स्वस्थ जीवनशैली पोषण शारीरिक ब्यायम योग अभ्यास स्वास्थ्य वृत्तको पालना पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन।

ध.	जुनोटिक र कीटजन्य रोगको नियन्ञ्त्रण तथा व्यवस्थापन।

न.	सुर्ति मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतजना अभिवृद्धि।

ऩ.	आयुर्वेदिक युनानी आम्ची होमियोप्याथिक प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन।

प.	सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम।

फ.	आकस्मिक स्वास्थ्य सेवा प्रवाह।

ब.	गाउँपालिकाभित्र खानेपानी सम्बन्धी नीति कानून मापदण्ड योजना कार्यान्वयन र नियमन।

भ.	खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन।

म. पानी मुहानको संरक्षण, स्वच्छ खानेपानी आपूर्ति तथासार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन।

य. निजी क्षेत्रबाट स्थापना हुने १५ शैयाको अस्पताल सञ्चालन अनुमति।

## ०८. शिक्षा तथा खेलकुद शाखाः

क. विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने।

ख. शिक्षक तथा कर्मचारी ब्यवस्थापन एवम् सामुदायिक विद्यालका शिक्षक तथा कर्मचारीहरुको तलव प्रतिवेदन पारित गराउने।

ग. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने।

घ. गाउँ कार्यपालिका बैठकबाट स्वीकृत मापदण्डको आधारमा शिक्षकको सरुवा तयारी गर्ने।

ङ. विद्यालय व्यवस्थापन समितिको सिफारिसमा समितिमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यन्त्र कार्य गर्नु पुर्व स्वीकृत प्रदान गर्ने।

च. शिक्षकको गुणस्तर बढाउनको लागि शिक्षक प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको समय समयमा बैठक गोष्टी वा तालिमको सञ्चालन गर्ने।

छ. नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने।

ज. विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने।

झ. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने गराउने।

ञ. शिक्षक वा कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने।

ट. प्रारम्भिक बाल शिक्षा तथा विद्यायलय शिक्षा अनौपचारिक शिक्षा खुला तथा बैकल्पिक शिक्षा (गुरुकुल) मदरसा गुम्बा आदि ( निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति कानून मापदण्ड योजनाको निर्माण कार्यान्वयन नियमन)

ठ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति र नियमन।

ड. पाठ्यक्रम र पाठ्य सामग्रीको वितरण तथा कार्यान्वयन।

ढ. विद्यालयको नक्साङ्कन अनुमति स्वीकृति समायोजना तथा नियमन।

ण. शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार।

त. आधारभूत तहको परीक्षा व्यवस्थापन।

थ. विद्यर्थी सिकाई उपलब्धी परीक्षण र व्यवस्थापन।

द. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन।

ध. शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन।

न. गाउँपालिकाको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण प्रवर्द्धन र स्तरीकरण।

ऩ. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन।

प. स्थानीय पुस्तकालय वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन।

फ. नेपाल सरकारबाट शिक्षा तर्फ प्राप्त शशर्त अनुदानको सम्पूर्ण बजेट तथा कार्यक्रम सञ्चालन ।

ब. गाउँपालिका स्तरमा खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वय ।

भ. खेलकुदको संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकास ।

म. खेलकुदको विकास र प्रवर्द्धन ।

य. खेलकूद प्रतियोगिता आयोजना र सहभागिता ।

र. अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।

ऱ. युवा जागरण सशक्तिकरण र परचालन ।

ल. युवा सीप उद्यमशिलता तथा नेतृत्व विकास ।

ळ. खेलकुद विकास समिति गठन व्यवस्थापन तथा परिचालन ।

## ०९. **महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा :**

क. जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक परिचयपत्र वितरण सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने ।

ख. सङ्घ तथा प्रदेशसँग समन्वयमा अपाङ्गता पुनस्थापना केन्द्र जेष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्राको सञ्चालन र व्यवस्थापन गर्ने ।

ग. जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र अशाक्तहरुको व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने ।

घ. लैंगिक समानता महिला हक सम्बन्धी नीति योजना कार्यान्वयन सम्नवय र नियमन ।

ङ. महिला आर्थिक सामाजिक राजनीतिक सशक्तीकरण क्षमता विकास ।

च. लैगिक हिंसा निवारण लागि निरोधात्मक प्रवद्र्धना संरक्षणात्मक उपाय र पुन:स्थापना ।

छ. लैंगिक उत्तरदायी बजेट ।

ज. बालबालिकाको हकहित संरक्षण सम्बन्धी गाउँपालिकाको नीति कानून मापदण्ड योजना कार्यान्वयन र नियमन ।

झ. बालमैत्री परिवार सहयोग ।

ञ. बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन ।

ट. बाल न्याय, बाल गृह पुन:स्थापना केन्द्र शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन ।

ठ. असहाय बालबालिकाका तथा सडक बालबालिका व्यवस्थापन ।

ड. बालबालिकाको हकहित संरक्षण बाल हिंसा नियन्त्रण, बालसुधार तथा पुन:स्थापना केन्द्र स्थापना, सञ्चालन, अनुमति र नियमन ।

ढ. आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन ।

ण. जेष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रम केन्द्रको सञ्चालन तथा व्यवस्थापन ।

त. संघ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुन:स्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन ।

थ. अपाङ्गता भएको ब्यक्ति तथा असहायको लगत अद्यावधिक परिचयपत्र वितरण सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा विवरण ।

द. अपाङ्ता भएको व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन।

ध. अपाङ्गता भएको ब्यक्ति र असक्तहरुको व्यवस्थापना सम्बन्धी अन्य कार्य।

न. एकल महिला सम्बन्धी कार्य।

## १०. **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखा :**

क. सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत सञ्चालन गर्ने।

ख. सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी सुनकोशीको नीति कानून मापदण्ड नियमन र अध्ययन अनुसन्धान गर्ने।

ग. लक्षित समूह सम्बन्धी गाउँपालिको योजना कार्यक्रम स्रोत परिचालन र व्यवस्थापन गर्ने।

घ. सामाजिक सुरक्षा सम्बन्धी तथ्याङ्क र सूचना व्यवस्थापन सबै वडामा गर्ने।

ङ. गरिव घर परिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण सूचना व्यवस्थापन गर्ने।

च. मासिक रुपमा वडाबाट व्यक्तिगत घटना दर्ता विवरण प्राप्त गर्ने।

छ. वार्षिक रुपमा सम्पूर्ण व्यक्तिगत घटना दर्ता विवरण विभागलाई पठाउने।

ज. आवश्यकता तथा बजेट अनुसार वडाका कर्मचारीलाई तालिम सञ्चालन गर्ने।

## ११. **लघु उद्यम शाखा :**

क. उद्यम विकासका लागि उद्यमीहरुको माग, बजार सम्भाव्यता, कच्चा पदार्थमा आधारित रही उद्यम विकासको सम्भाव्यता अध्ययन गर्ने।

ख. उद्यम गर्न इच्छुक समुदायलाई उद्यमी समूहमा आवद्धता गराई उद्यमसँग सम्बन्धित पक्षहरुको बारेमा छलफल तथा उद्यम स्थापनाको लागि उत्प्रेरित तथा नेतृत्व विकास गर्ने।

ग. सम्भावित उद्यमीहरुको छनौट पश्चात उद्यम विकास गर्नका लागि तत्परता ल्याउन, जोखिम लिन, उद्यमशील सोँच विकास गर्न, उद्यम गर्नका लागि उत्प्रेरणा गराउने लगायत व्यवसायिक सीप प्रदान गर्ने।

घ. व्यवसायिक योजनाको आधारमा प्राविधिक सिप विकास, गुणस्तरिय बस्तु उत्पादन गर्ने क्षमता विकास गर्ने।

ङ. व्यवसायिक योजनाको आधारमा ऋणमा पहुँच, वित्तिय साक्षरता, वीमा सम्बन्धी ज्ञान।

च. प्रविधिको ज्ञान, प्रयोग, गुणस्तर तथा उत्पादकत्वमा वृद्धि।

छ. बजार प्रवर्द्धनका लागि Grading, Packaging, Labeling, Branding जस्ता क्रियाकलापमा सहजिकरण।

ज. रोजगारी सिर्जना गर्ने प्रेरित गर्ने तथा लघु उद्योगको स्तरोन्नती गरी साना उद्योगमा प्रवेश गर्ने।

## १२. **पशु विकास शाखा :**

क. कृषि तथा पशुजन्यक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण गर्ने।

ख. पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन गर्ने।

ग. गाउँपालिकामा चरन तथा खर्क विकास र व्यवस्थापन गर्ने ।

घ. पशु आहारको गुणस्तर नियमन गर्ने ।

ङ. पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन गर्ने ।

च. पशुपक्षी सम्बन्धी बिमा र कर्जा सहजिकरण गर्ने ।

छ. पशुपालन र पशु स्वास्थ्य सम्बन्धी गाउँपालिकास्तरीय नीति कानून मापदण्ड योजना कार्यान्वयन र नियमन ।

ज. पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन ।

झ. पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण ।

ञ. पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन ।

ट. सुनकोशी गाउँपालिकामा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली ।

## १३. **कृषि सेवा शाखाः**

क. कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण व्यवस्थापन र परिचालन गर्ने ।

ख. कृषकहरुको क्षमता अभिवृद्धि प्राविधिक सेवा टेवा सीप विकास र सशक्तिकरण गर्ने ।

ग. कृषि बिउविजन, नश्न, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति उपयोग उपयोग र नियमन ।

घ. कृषि सम्बन्धी प्रविधिको संरक्षाण र हस्तान्तरण गर्ने ।

ङ. कृषि सम्बन्धी सूचना प्रचारप्रसार गर्ने ।

च. कृषि कृषि प्रसार कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय  कानून मापदण्ड योजना कार्यान्वयन र नियमन ।

छ. कृषि बजार सूचना कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण साना सिँचाई निर्माण तालिम प्रविधि प्रसार प्राविधिक टेवा कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन ।

ज. कृषि जन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको  नियन्त्रण ।

झ. कृषि वातावरण संरक्षण तथा जैविक विवधताको संरक्षण र प्रवर्द्धन ।

ञ. कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण व्यवस्थापन र परिचालन ।

ट. उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन विकास तथा बजारिकरण ।

ठ. कृषि सम्बन्धी वीमा र कर्जा सहजीकरण ।

ड. शीत भण्डारणको व्यवस्थापन ।

ढ. प्राङ्गरिक खेति तथा मलको प्रर्वद्धन र प्रचार प्रसार गर्ने ।

ण. कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी सुनकोशी स्थित संघ संस्थाहरुको समन्वय, व्यवस्थापन र नियमन ।

त. कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी प्रचार प्रसार ।

थ. कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन ।

## १४. **रोजगार सेवा केन्द्र :**

क. गाउँपालिकाभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने ।

ख. सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्र वितरण गर्ने गाउँपालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने ।

ग. गाउँपालिकाभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्यांक संकलन गर्ने रोजगार नक्सांकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखांकन गर्ने ।

घ. रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने ।

ङ. रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सूचित गर्ने ।

च. बेरोजगारहरुको ज्ञान, सीप, अनुभव, क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने ।

छ. आफ्नो कामकारवाहीको बारेमा नियमित रुपमा कार्यालय प्रमख मार्फत कार्यपालिकामा प्रतिवेदन गर्ने ।

ज. ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारबाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा मासिक रुपमा प्रतिवेदन पठाउने ।

झ. आफ्नो कार्यक्षेत्र भित्रबाट वैदेशिक रोजगारीमा जान चाहनेका लागि सूचना सम्प्रेषण गर्ने ।

ञ. वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुर्याउने ।

ट. गाउँपालिकाभित्र रहेका रोजगारदाता र बेरोजगारहरुबीच सम्पर्क विन्दूको रुपमा कार्य गर्ने ।

## १५. **न्यायीक शाखा :**

क. न्यायिक समितिको सचिवालय न्याय कानून मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता निर्णय तथा फैसला कार्यान्वयन ।

ख. न्यायिक समितिको सचिवालय सम्बन्धी सम्पूण कार्य ।

ग. न्याय तथा कानूनी राज्यको परिपालना ।

घ. मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन ।

ङ. व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन ।

च. न्यायिक निर्णय तथा फैसला कार्यान्वयन ।

छ. नीति कानूनको प्रमाणिक प्रतिको संरक्षण प्रकाशन र अभिलेख ।

ज. न्यायिक समितिको बार्षिक लगायतका आवधिक प्रतिवेदन ।

## १६. **आन्तरिक लेखा परीक्षण शाखा :**

क. आन्तरिक तथा पूर्व लेखापरीक्षण ।

ख. लेखापरीक्षण विवरणको अभिलेख व्यवस्थापन (बेरुजुको लगत समेत) ।

ग. अन्तिम लेखापरीक्षण कार्यमा सहयोग समन्वय र सहजिकरण ।

घ. लेखा पालनसम्बन्धी क्षमता विकास कार्य ।

ङ. सम्परीक्षण तथा बेरुजू फछर्यौट ।

## १७. जिन्सी शाखा :

क. सम्पत्ती र जिन्सी अभिलेख अद्यावधिकरण ।

ख. नियमानुसार कागज धुल्याउने कार्य ।

ग. मर्मत संभार व्यवस्थापन ।

घ. नियमानुसार सामान लिलाम र मिन्हा सम्वन्धी कार्य ।

ङ. कार्यालयको जिन्सी सम्वन्धी सम्पूर्ण कार्य गर्ने ।

च. खरिद इकाइको सचिवालय तथा खप्ने तथा नखप्ने जिन्सी सामग्री विवरण अध्यावधिक ।

छ. वडा कार्यालय तथा शाखा सञ्चालनको लागि आवश्यक सामग्रीको माग संकलन, खरिद वितरण तथा हस्तान्तरण ।

## १८. सामाजिक विकास शाखा :

क. गाउँपालिका क्षेत्रभित्र रहेका गैरसरकारी संस्थाहरुको विवरण अध्यावधिक राख्ने ।

ख. गाउँपालिकालाई कार्यक्षेत्र बनाइ कामकाज गरिरहेको गैरसरकारी संस्थाहरुको समन्वय गर्ने ।

ग. गैर सरकारी संस्था र गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रममा दोहोरोपन हुन नदिने ।

घ. गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्न चाहने गैर सरकारी संस्थालाई अनुमति दिने, कार्यक्रमको अनुगमन गर्ने, समीक्षा गर्ने ।

ङ. गैरसकारी संस्थाको बार्षिक बजेट पेश गर्न लगाउने ।

च. शिक्षा, स्वास्थ्य, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट सम्पादन हुन नसकेका क्षेत्रमा आवश्यक बजेटका लागि प्रस्ताव गरी कार्यान्वयन गर्ने ।

छ. सामाजिक विकास समितिको सचिवालयको रुपमा कार्य गर्ने

## १९. सबै वडा कार्यालय

- आफ्नो वडा भित्रको बस्तुगत विवरण जैविक विविधता खनिज पदार्थ जनसंख्याको बनोट आर्गथिक अवस्था उद्योगधन्दा शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि तयार (गर्ने अद्यावधिक गर्दै लैजाने) ।
- निजी घर तथा घरपरिवारको लगत राख्ने ।
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक सहत्वका सम्पदा प्राचिन स्मारिक सार्वजानिक तथा सामुदायिक भवन सार्वजानिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथ संरक्षण गर्ने ।
- खुला क्षेत्र, चोक, घाट, पाटी, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्बा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल,

पुलसा, कुलो, नहर, पानी घट्ट, मिलको तथ्याङ्क संकलन गरी अद्यावधिक लगत राख्ने संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्च्व चित्र तयार तथा अद्यावधिक गर्ने।

- वडाका विकास निर्माणका योजना तर्जुमा कार्यान्वयन अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्ने।
- सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन प्राथमिकीकरण तथा छनौट गर्ने।
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सो को अनुगमन गर्ने।
- वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संगक्षण मर्मत सम्भार रेखदेख तथा व्यवस्थापन गर्ने।
- बाल उद्यानको व्यवस्था गर्ने।
- अनौपचारिक शिक्षा कार्यक्रम तथ प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने।
- पुस्तकालय वाचनालय सामुदायिक सिकाई केन्द्र बाल क्लब तथा बालसञ्जालनको सञ्चालन र व्यवस्थापन गर्ने।
- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने।
- बालबालिकाहरुलाई बि. जि. सि. पोलियो भिटामिन ए को ब्यवस्था गर्ने।
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने।
- ग्रामिण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने गराउने।
- सार्वजानिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने गराउने।
- वडास्तरिय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण संरक्षण र गुणस्तर नियमन गर्ने।
- घरबाट निकास हुने फोहोरमैलाको सङ्कलन र व्यवस्थापन चोक तथा गल्लीहरुको सरसफाई ढल निकास हुने मरेको जनावरको व्यवस्थापन सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने गराउने।
- कृषि तथा फलफूल नर्सरीको स्थापना सकन्वय प्रर्वद्धन।
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापान।
- वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन।
- स्थानीय समुदायका चाडपर्व भाषा संस्कृतिको विकासको लागि कला नाटक जनचेतानामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने।
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने।
- वडाभित्र खेलकुद पूर्वाधार निर्माण तथा अन्तर विद्यालय खेलकुद कार्यक्रम सञ्चालन।
- वडा क्षेत्रभित्रको बाटोघाटो बाटोघाटो, बाढी, पहिरो पन्छाई चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने।
- वडाभित्रका सडक अधिकार क्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने।
- घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्दै घरेलु उद्योगको प्रवर्द्धन गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने।

- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने।
- वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेको महिला बालबालिका दलित अपाङ्गता भएको व्यक्ति जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी र सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने।
- विभिन्न समुदायकाबीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने।
- बालविवाह महिला विरुद्धको हिँसा छुवाछुत, दहेज तथा दाईजो हलिया प्रथा छाउपडी कमलरी प्रथा बालश्रम मानव बेचविखन निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने।
- प्रचलित कानून अधीनमा रही मालपोत तथा भूमि कर व्यवसाय कार वहाल कर विज्ञापन कर  सशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरन्जन करको लेखाजोखा र सङ्कलन गरी गाउँपालिकामा प्रतिवेदन सहित रकम बुझाउने।
- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई निजकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने।
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने।
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापन गर्ने गराउने।
- वडाभित्रको सामुदायिक वन वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने।
- वडा टोल वस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने र वडालाई बातावरणमैत्री बनाउने।
- वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने।
- वडा भित्र सञ्चालित विकास योजना आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको नियमन गर्ने।
- घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने सिकार्मी डकर्मी भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने।
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपयोग्य सामग्रीको गुणस्तर र मूल्यसुची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने।
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन तथा हाट बजारको व्यवस्थापन।
- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने।
- आफ्नो वडाभित्रका उपभोक्ता समिति सहकारी संस्था निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसंग विकास निर्माण तथा सार्वजानिक सेवा प्रवाहमा समन्वय गर्ने।
- गाउँपालिकामा व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून मापदण्ड योजना कार्यन्वयन र नियमन।
- संघीय कानून र मापदण्ड बमोजिम गाउँपालिकामा व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह, बसाइ सराई, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्रीको दर्ता।
- आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटना दर्ता तथा अभिलेख व्यवस्थापन र प्रतिवेदन।

- वडा स्तरको अभिलेख व्यवस्थापन।
- सबै प्रकारका नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने।
- बहाल करको लेखाजोखा सिफारिस गर्ने।
- कोठा खोल्न रोहबरमा बस्ने।
- मोही लगत कट्टाको सिफारिस गर्ने।
- व्यापार व्यवसाय बन्द भएको सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने।
- मिलापत्रको कागज गाराउने निवेदन दर्ता गर्ने।
- जन्म मिति एवं विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने।
- नि: शुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने।
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने।
- घरपाताल प्रमाणित गर्ने।
- पुर्जामा घर कायम गर्ने सिफारिस गर्ने।
- फरक फरक नाम थर जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको एकै भन्ने तथा संशोधनको सिफारिस गर्ने।
- जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने।
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने।
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र ब्यक्तिगत संरक्षक सिफारिस गर्ने।
- जीवित तथा मृतकसँगको नाता प्रमाणित गर्ने।
- हकवाला वा हकदार प्रमाणित गर्ने।
- कित्ताकाट तथा नामसारी गर्न सिफारिस गर्ने।
- उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने।
- जीवित रहेको सिफारिस गर्ने।
- पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने।
- जग्गा सूल्याङ्कन सिफारिस प्रमाणित गर्ने।
- विद्यालयको कक्षा थप गर्न तथा विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने।
- पालन पोषणको लागि सिफारिस गर्ने।
- आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित।
- धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने।
- प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिम अन्य सिफारिस वा प्रामाणित वा तोकिए बमोजिम गर्ने।

आज मिति:२०८१/०५/०५ गते मंगलबारको दिन सुनकोशी गाउँपालिकाको आ.व २०८०/०८१ को बार्षिक प्रगति समिक्षा कार्यक्रम तपसिल बमोजिमको उपस्थितिमा सञ्चालन भइ सम्पन्न भयो।

तपसिल:

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | टपिन्द्र प्रसाद तिमल्सिना | अध्यक्ष | |
| २ | कान्छि लामा | उपाध्यक्ष | |
| ३ | मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | कुमार शाही | वडा अध्यक्ष | |
| ५ | पूर्ण बहादुर महत | वडा अध्यक्ष | |
| ६ | ईश्वर तामाङ | वडा अध्यक्ष | |
| ७ | भोजलाल श्रेष्ठ | वडा अध्यक्ष | |
| ८ | जाल बहादुर तामाङ | वडा अध्यक्ष | |
| ९ | चक्र बहादुर बस्नेत | वडा अध्यक्ष | |
| १० | ईश्वर तिमल्सिना | वडा अध्यक्ष | |
| ११ | पुतली वि.क. | का.पा.सदस्य | |
| १२ | कमला रोक्का | का.पा.सदस्य | |
| १३ | कौसल्या सापकोटा | का.पा.सदस्य | |
| १४ | मसली सार्की | का.पा. सदस्य | |
| १५ | राजेन्द्र घतानी | का.पा. सदस्य | |
| १६ | गृवेन्द्र माझी | का.पा. सदस्य | |

| | | | |
|---|---|---|---|
| १७ | सुरक्षा कट्टेल | पशु विकास अधिकृत(सातौं) | [signature] |
| १८ | दिकेश प्रजापती | ईन्जिनियर(सातौं) | [signature] |
| १९ | युग बहादुर खड्का | अधिकृत (छैठौं) | [signature] |
| २० | गोविन्द बहादुर हायु | जन स्वास्थ्य निरिक्षक | [signature] |
| २१ | निम बहादुर बुढाथोकी | शिक्षा अधिकृत | [signature] |
| २२ | भुजन श्रेष्ठ | सुचना प्रविधि अधिकृत | [signature] |
| २३ | विजय के.सी | रोजगार संयोजक | [signature] |
| २४ | प्रकाश बस्नेत | लेखापाल | [signature] |
| २५ | पुरुषोतम ढुङ्गाना | आन्तरिक लेखा परिक्षण | [signature] |
| २६ | महेश प्रसाद बडु | प्राविधिक सहायक शिक्षा शाखा | [signature] |
| २७ | रेशम बहादुर खत्री | नि.मा.वि.शि.द्वि | [signature] |
| २८ | राजु बस्नेत | सि.अ.हे.ब. | [signature] |
| २९ | शिव गिरी | सहायक पाचौं | [signature] |
| ३० | पार्वती नापित | सहायकस्तर पाँचौं | [signature] |
| ३१ | शुशिल खड्का | सव इन्जिनियर | [signature] |
| ३२ | टोप बहादुर खड्का | MIS अपरेटर | [signature] |
| ३३ | रमेश भण्डारी | न्यायीक सहजकर्ता | [signature] |
| ३४ | सुदिप पराजुलि | प्राविधिक सहायक(रोजगार) | [signature] |
| ३५ | सन्तोषी राउत | रोजगार सहायक | [signature] |
| ३६ | बाबुकाजी रोक्का | कम्प्युटर अपरेटर | [signature] |

| | | | |
|---|---|---|---|
| ३७ | राहुल ढुङ्गाना | कृषि प्रविधिक | |
| ३८ | राजन अधिकारी | पशु प्रविधिक | |
| ३९ | सागर श्रेष्ठ | सहायकस्तर चौथो | |
| ४० | प्रतिमा कार्की | फिल्ड सहायक | |
| ४१ | मेनुका कार्की | उद्यम विकास सहजकर्ता | |
| ४२ | केशव प्रसाद पराजुलि | खा.पा.स.टे. | |
| ४३ | सम्झना दाहाल | पोषण सहायक | |
| ४४ | नम्रता पराजुली | अ.न.मी.(सहायक) चौथो | |
| ४५ | सुनिता लामा | अ.स.ई. | |
| ४६ | कुल प्रसाद सापकोटा | वडा सचिव | |
| ४७ | हरि कृष्ण खड्का | वडा सचिव | |
| ४८ | गोरख बहादुर खड्का | वडा सचिव | |
| ४९ | किरण खड्का | वडा सचिव | |
| ५० | निम बहादुर कार्की | वडा सचिव | |
| ५१ | डोल राज अर्याल | वडा सचिव | |
| ५२ | रामकृति थापा | अं.सि.ई. | |
| ५३ | कृष्ण प्र. पराजुली | सुनकोशी ३ (सिविल) प्रतिनिधि | |
| ५४ | सचिन खोरवाली | MANIK-AJ | |
| ५५ | बिकास खत्री | इ.प्र.चा. | |
| ५६ | नर ब. माझी | " | |

## ३. आर्थिक प्रशासन तर्फ

**श्रोतगत बजेट आम्दानी तथा खर्च–संघ**

| सि.नं. | श्रोत | कुल बजेट | आय | व्यय | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संघीय सशर्त चालु र पुँजिगत | 242788000 | 242788000 | 226034216.71 | 93.09% |
| ३ | संघीय समानिकरण | 108200000 | 100626000 | 99535055.39 | 98.91% |
| ४ | संघीय राजश्व बाँडफाँड | 69277000 | 58741338.23 | 66933444.20 | 113% |
| ५ | संघीय समपुरक | 6000000 | 6000000 | 6000000 | 100% |
| ६ | संघीय विशेष | 11500000 | 11500000 | 11216481 | 97.53% |

**श्रोतगत बजेट आम्दानी तथा खर्च–प्रदेश**

| सि.नं. | श्रोत | कुल बजेट | आय | व्यय | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रदेश सशर्त चालु | २३६८६००० | २३६८६००० | २२४२२२३३ | ९४.६६% |
| ३ | प्रदेश समानिकरण | १११२५००० | १११२५००० | १०९२८४९९ | ९८.२३% |
| ४ | प्रदेश राजश्व बाँडफाँड | २२१६९२९० | १८८५८७५४.६९ | १३६४३१३७ | ७२.३४% |
| ५ | प्रदेश समपुरक | २५०००००० | २५०००००० | १५०६३१०० | ६०.२५% |
| ६ | प्रदेश विशेष | ३०००००० | ३०००००० | २९८९८२० | ९९.६६ % |
| | जम्मा बजेट | ६२१५२७२७४.२२ | ६१३९०५९०४.१९ | ६०४१५५३८७.९३ | ९२ % |

## जम्मा खर्चको विवरण

- पुँजिगत खर्च- ९१ प्रतिशत
- चालु खर्च- ९२ प्रतिशत
- जम्मा खर्च-९२ प्रतिशत

## ४. आन्तरिक लेखा परीक्षण

- लेखा परीक्षणका क्रममा कानुनबमोजिम औल्याईएका कैफियत बेरुजू हो । यस्ता कैफियत तथा बेरुजू सकेसम्म आउनै नदिने एक प्रमुख उदेश्य हो ।
- मूख्यतया बेरुजू ४ प्रकारका हुन्छन् । सैद्धान्तिक बेरुजू(लगत नरहने), असुल उपर, नियमित गर्नुपर्ने, पेश्की बाँकी बेरुजू
- आन्तरिक लेखा परीक्षणका क्रममा असुल हुने बाहेक नियमित गर्न मिल्ने कैफियतहरुलाई सकेसम्म प्रतिवेदनमा उल्लेख नै गर्न नपर्ने गरी फरफारक गर्ने र समग्र बेरुजूको परिमाणलाई घटाउने,
- अन्त्यमा प्रतिवेदनमा उल्लेखित बेरुजूलाई तोकिएको अवधिमा बेरुजू फर्छौट प्रक्रियामा सक्रिय हुने र समग्र बेरुजूको मात्रालाई न्यूनिकरण गर्ने ।
- समग्रमा कार्यालयबाट हुने आर्थिक कारोबारहरुको अकंगणितीय शुद्धता, नियमितता, मितव्ययीता र प्रभावकारीताको परीक्षण गरी अन्तिम लेखा परीक्षणको लागि श्रेस्ताहरु तयारी अवस्थामा राख्न सहयोग गर्ने ।
- आर्थिक प्रशासन शाखालाई नियमित, चुस्त दुरुस्त र सेवाग्राहीमुखी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको,
- आर्थिक प्रशासन शाखामा रहेर लेखा सम्बन्धी कामकाज गरी सहजीकरण,
- आर्थिक प्रशासन शाखामा पेश भएका कागजातहरुको अध्ययन गरी वित्तीय कारोबारमा प्रचलित कानून बमोजिमको कर कट्टी रकम, भुक्तानी रकम लगायतको हिसाबकिताब गरी सहजीकरण,
- विभिन्न शाखाहरुका कार्यक्रमहरुको भुक्तानीको चरणमा प्रचलित ऐन, नियम, कार्यविधिहरुको आवश्यकता र सोहीबमोजिम काम गर्न सल्लाह सुझाव प्रदान गरेको,
- नियमित रुपमा करकट्टी दाखिला गरी सहजीकरण गरेको,
- आ.व.२०७९/८० को महालेखा परीक्षण काममा महत्वपूर्ण भूमिका बहन ।

## सुनकोशी गाउँपालिकामा आन्तरिक लेखा परीक्षकको मुख्य भूमिका

- २०७८/०७९ सम्म गत आ.व. सम्मको बाँकी बेरुजू ७,३३,१९,०००/-(सात करोड तेत्तीस लाख उन्नाईस हजार मात्र) रहेकोमा करिब ४ करोडको हाराहारी बेरुजू फछौंटको लागि प्रमाणहरु सम्परीक्षणको लागि यसै आ.व. मा पेश गरिएको अवस्था छ।
- आ.व २०७९/८० को लेखापरीक्षण समपन्न भइसकेको र प्रतिवेदन आईसकेको अवस्था छ। उक्त प्रतिवेदन बमोजिमको सैद्धान्तिक, नियमित, असुल उपर र पेश्की बाँकी बेरुजूको अध्ययन गरी सोही बमोजिम सम्परीक्षणको लागि विवरणहरु पेश गरिएको र प्रारम्भिक प्रतिक्रिया बमोजिम केही बेरुजू फछौंट पनि भएको अवस्था छ।

**सुनकोशी गाउँपालिका,**
**सिन्धुपाल्चोक**

### १. चालु वर्ष २०७९/८० को बेरूजु

**बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रू. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४४ | ८४ | २९०९९ | ० | १८ | ५१५ | ४४ | ६६ | २८५८४ | ८७७७ | १०८०८ | ८५५० | ० | ० | १९३५७ | ४५० |

### २. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | ७३३१९ | - | - | ७३३१९ | ० | २८५८४ | १०१९०३ |

### ३. बेरूजु सम्परीक्षणको विवरण

(रू. हजारमा)

| क. सं | आर्थिक वर्ष | बेरूजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | १६ | असूल गरी बेरूजू दाखिला गरेको | २ |
| | | ४२ | असूल गरी बेरूजू दाखिला गरेको | ६९ |
| | | ४६ | असूल गरी बेरूजू दाखिला गरेको | १२० |
| | | | प्रमाण पेश गरेको | २११ |
| | | ५० | प्रमाण पेश गरेको | ६६ |
| | | ५२.४ | असूल गरी बेरूजू दाखिला गरेको | २ |
| | | ५४.२ | असूल गरी बेरूजू दाखिला गरेको | ४५ |
| | कुल जम्मा | | | **५१५** |

- २०८०/८१ को लागि आन्तरिक लेखा परीक्षण भइरहेको अवस्था  छ भने अन्तिम लेखा परीक्षण पनि छिटै हुने चरणमा रहेको छ।
- सुनकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ मा विगत आर्थिक वर्षहरु देखि हाल सम्म कायम भएका नियमित गर्नुपर्ने र प्रमाण पेश गर्नुपर्ने जस्तैः कर समायोजन पेश गर्ने, छुटेका भर्पाई तथा निर्णयहरु पेश गर्नुपर्ने लगायतका बेरुजूहरुलाई न्यूनिकरण गर्न विभिन्न मितिमा लेखा समितिको बैठक बसी गाउँसभामा पेश गर्ने निर्णय भएको थियो।
- आ.व.०७४/०७५ मा कायम भएको बेरुजू रकम रु.९०९०००६/-(नब्बे लाख नब्बे हजार छ रुपैंया मात्र)
- आ.व.०७५/७६ मा बेरुजू रकम रु.४८१३६८३/-(अठ्चालिस लाख तेह्र हजार छ सय त्रियासी रुपैंया मात्र)
- आ.व.०७६/७७ मा बेरुजू रकम रु.३६००००० /-(छत्तिस लाख  रुपैंया मात्र)
- आ.व.०७७/७८ मा बेरुजू रकम रु.३३५०००/-(तीन लाख तेह्र हजार छ सय त्रियासी रुपैंया मात्र)
- आ.व. ०७९/८० मा बेरुजू रकम रु.१६००७६२६/-(एक करोड सात हजार छ सय छब्बीस रुपैंया मात्र)
- समग्रमा हालसम्म कायम भएका बेरुजूमध्ये रु.३३८४६३१५/-(तीन करोड अठ्तीस लाख छयालिस हजार तीन सय पन्ध्र रुपैंया मात्र) फर्छ्यौट गर्न विभिन्न मितिमा लेखा समितिको बैठक बसी निर्णय भएको थियो।
- यसरी प्रचलित कानुन, मापदण्ड र नम्र्सबमोजिम सरकारी आर्थिक कारोबार गर्ने, समयमै पेश्की फर्छ्यौट गर्ने, आवश्यक कागजात भुक्तानीकै बेला समावेश गर्ने तथा कायम भएका बेरुजूहरु फर्छ्यौटको लागि नियमित रुपमा लेखासमिति बैठक बसी निर्णयहरुलाई गाउँसभामा पेश गरी गाउँसभाबाट अनुमोदन भएका निर्णयहरु महालेखापरीक्षक समक्ष सम्परीक्षण गराएमा बेरुजू न्यूनिकरण हुनेछ।

## ५. पूर्वाधार विकास शाखा

संघीय समपुरक योजना

लप्से खोला काप्सल सडक  सुनकोशी  ७

ठेक्का नं. : **SRM /W/ROAD/NCB/080/81-02**

स्वीकृत रकम : रु. **१,२०,००,०००**

इस्टिमेट रकम (मु.अ.कर सहित) : रु. **१,१९,९८,७४८.९५**

ठेक्का सम्झौता भएको निर्माण व्यवसायी : **श्री जय सिद्धिकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**

ठेक्का सम्झौता रकम (मु.अ.कर सहित) : रु.**७१,८०,२१५.७१ (४०.१६% मुनि)**

जम्मा भुक्तानी रकम : रु. **७१,५५,८१३.८८**

**प्रदेश सम्पुरक योजना**

**जिमाल टोल माख्लो गाउँ सडक सुनकोशी ७**

- ठेक्का नं. : SRM /W/ROAD/NCB/080/81-01
- स्वीकृत रकम : रु. **२,००,००,०००**
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. **१,९८,२३,३८५.३७**
- ठेक्का सम्झौता भएको निर्माण व्यवसायी : **श्री जय सिद्धिकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. **१,१९,१५,५२९.३६ (३९.८९% मुनि)**
- जम्मा भुक्तानी रकम : रु. **१,१८,६१,५५४.५६**

**रतनकोट वडा कार्यालय सडक सुनकोशी ५**

- ठेक्का नं. : SRM /W/ROAD/NCB/080/81-03
- स्वीकृत रकम : रु. १,००,००,०००
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. ९९,९६,९२६.८५
- ठेक्का सम्झौता भएको निर्माण व्यवसायी : श्री सिद्दिपुर निर्माण सेवा
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. ५१,४४,७१६.८४ (४८.५४% मुनि)
- जम्मा भुक्तानी रकम : रु. ३९,९६,३१९.३८

**बाबुराम चोक रैकर सडक सुनकोशी २**

- ठेक्का नं. : SRM /W/ROAD/NCB/080/81-04
- स्वीकृत रकम : रु. १,००,००,०००
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. ९९,९२,३८७.३२
- ठेक्का सम्झौता भएको निर्माण व्यवसायी : श्री जय सिद्धिकाली/काली माता जे.भी
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. ५७,६४,८१३.७६ (४२.३१% मुनि)
- जम्मा भुक्तानी रकम : रु. ५७,२४,८७५.२७

**ठोकर्पा मा.वि. पोखरेली टोल काफ्ले सडक सुनकोशी २**

- ठेक्का नं. : SRM /W/ROAD/NCB/080/81-05
- स्वीकृत रकम : रु. **१,००,००,०००**
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. **९९,९४,५८१.३४**
- ठेक्का सम्झौता भएको निर्माण व्यवसायी : **श्री जय सिद्धिकाली/काली माता/सेतीदेवी जे.भी**
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. **५७,७४,२१२.४१ (४२.२३% मुनि)**
- जम्मा भुक्तानी रकम : रु. **५७,४५,२९४.४४**

## संघीय सशर्त अनुदान

### देवीस्थान स्वास्थ्य चौकी भवन निर्माण तथा स्तरोन्नति, सुनकोशी ५

- ठेक्का नं. : SRM /W/BLDG/NCB/080/81-08
- स्वीकृत रकम : रु. २८,०१,३५८.२६
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. २८,०१,३५८.२६
- ठेक्का सम्झौता निर्माण व्यवसाय : श्री सेतीदेवी पंचकन्या कन्स्ट्रक्सन
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. २१,४५,२६८.२७ (२३.४२% मुनि)
- जम्मा भुक्तानी रकम : रु. २१,३५,२२३.०५

### कालिका स्वास्थ्य चौकी भवन निर्माण तथा स्तरोन्नति, सुनकोशी ३

- ठेक्का नं. : SRM /W/BLDG/NCB/080/81-07
- स्वीकृत रकम : रु. ३८,८६,०००
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. ३७,८५,३६४.६४
- ठेक्का सम्झौता निर्माण व्यवसाय : श्री सेतीदेवी पंचकन्या कन्स्ट्रक्सन
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. २९,८९,२१०.१० (२१.०३% मुनि)
- जम्मा भुक्तानी रकम : रु. २७,९६,६६६.९३

### यमुनाडाँडा स्वास्थ्य चौकि भवन निर्माण तथा स्तरोन्नति, सुनकोशी ४

- ठेक्का नं. : SRM /W/ROAD/NCB/080/81-06
- स्वीकृत रकम : रु. ३८,८६,०००
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. ३७,८६,१३१.६८
- ठेक्का सम्झौता निर्माण व्यवसाय : श्री देवीस्थान निर्माण सेवा एण्ड सप्लायर्स
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. ३१,६७,१९४.४२ (१६.३५% मुनि)
- जम्मा भुक्तानी रकम : रु. ३०,६८,५८९.७५

## पालिका तथा वडागत योजना

**वडा कार्यालय घेरबार सुनकोशी २**

- ठेक्का नं. : SRM /SQ/W-01/080-81
- स्वीकृत रकम : रु. १५,००,०००
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. १४,५९,७९७.८५
- ठेक्का सम्झौता भएको निर्माण व्यवसायी :
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. १४,४६,७२५.१४ (०.९% मुनि)
- जम्मा भुक्तानी रकम : रु. १४,०९,४३८.४७

**परामर्श सेवा तर्फ  योजना**

- गाउँपालिका स्तरीय भिलेज प्रोफाईल निर्माण
- ठेक्का नं. : SRM /RFP-01/080/81
- स्वीकृत रकम : रु. १५,००,०००
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. १४,९९,२५५.७५
- ठेक्का सम्झौता भएको परामर्श :  भिजन डेभलपमेन्ट सोलुसन प्रा.लि.
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. १४,९१,६०० (०.५१% मुनि)
- जम्मा भुक्तानी रकम : रु. १४,९१,६००

**गाउँगाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई योजना  (WASH Plan) निर्माण**

- ठेक्का नं. : SRM /RFP-02/080/81
- स्वीकृत रकम : रु. २०,००,०००
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. १९,९४,०६०.१५
- ठेक्का सम्झौता भएको परामर्श : श्री रिप्पल ट्रेनिंग एण्ड कन्सल्टिंग सर्भिसेस प्रा.लि.
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. १९,८८,८०० (०.२६% मुनि)
- जम्मा भुक्तानी रकम : रु. १९,८८,८००

सम्क्षिप्त वातावरणीय अध्ययन (BES)

- ठेक्का नं. :
- स्वीकृत रकम : रु. ३,००,०००
- इस्टिमेट रकम(मु.अ.कर सहित) : रु. २,९९,२१८.१७
- ठेक्का सम्झौता परामर्श : श्री रिज इन्जिनियरिङ कन्सल्टेन्सी
- ठेक्का सम्झौता रकम(मु.अ.कर सहित) : रु. २,९७,१९०.०० (०.६८% मुनि)
- जम्मा भुक्तानी रकम : रु. २,९७,१९०

## सुनकोशी गाउँपालिकाको क्षेत्रगत भौतिक प्रगतिको अवस्था (आ.व.२०८०/८१)




| | माटो सडक(नयाँ ट्राक) | पक्कि नाली(Plum drain) | सडक चौडा | सडक सरसफाइ | सोलिंग | ढलान (Rigid Pavement) |
|---|---|---|---|---|---|---|
| परिमाण (कि. मि.) | 3.252 | 4.904 | 24.5 | 20.032 | 7.657 | 4.196 |

| सि. नं | सूचक | वेसलाईन (आ.व. २०७९/८० सम्मको अवस्था) | आ.व. २०८०/८१ को प्रगति | आ.व. २०८०/८१ को सम्मको अवस्था |
|---|---|---|---|---|
| १ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (कालोपत्रे) कि.मी. | ० | ० | ० |
| २ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (खण्डास्मित) कि.मी. | २१.०४ | ७.६६ | २८.७ |
| ३ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (धुले) कि.मी. | ४९.०१ | ३.२५ | ५२.२६ |
